## अनुसूची -२

(दफा ४ तथा अनुसूची -१ को भाग २ सँग सम्बन्धित )

# विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड:०९ संख्या: ०२ मिति २०८३।०३।१५

## भाग -२

# "घ" वर्ग निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१

# “घ” वर्ग निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि(पहिलो संशोधन), २०८१

*कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०८।११*
*प्रमाणीकरण मितिः २०८३।०३।१५*

विराटनगर महानगरपालिकाको “घ” वर्ग निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०८१ लाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकोले,

विराटनगर महानगरपालिकाको नगर कार्यपालिकाले देहायको व्यवस्थाहरू संशोधन तथा थप गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**-

(क) यो कार्यविधिको नाम “घ वर्ग निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१ ” रहेको छ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **<u>“घ” वर्ग निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०८१ को दफा ६ मा संशोधन:</u>** “घ” वर्ग निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०८१ (यसपछि मूल कार्यविधि भनिएको) को दफा ६ को उपदफा (२)उपखण्ड (१) मा रहेको व्यवस्था दफा ४ को उपदफा (४) मा सारिएको छ ।

३. **<u>मूल कार्यविधिको दफा ९ संशोधन:</u>** मूल कार्यविधिको दफा ९ को मौजुदा व्यवस्थालाई ९(१) मानी पछाडी देहायको नयाँ उपदफा २ थप गरिएको छः-

**२) तीन पुस्तेभित्रः**

व्यवसायीको मृत्यु भएमा परिवारका सदस्य मध्येबाट तीन पुस्तेभित्र नामसारी गर्नका लागि निवेदन पेश भई आएमा निवेदनसाथ उपदफा (१) अनुसार पेश भएका कागजातसँगै व्यवसायीको मृत्युदर्ता, निवेदकको मृतकसँगको नाता प्रमाणित, परिवारका अन्य सदस्यको मञ्जुरीनामा तथा स्वघोषणा अनिवार्य संलग्न राख्नु पर्नेछ ।

४. **<u>मूल कार्यविधिमा नयाँ दफा ११:</u>** मूल कार्यविधिको दफा १० पछाडी देहायको नयाँ दफा ११ व्यवस्था गरिएको छः-

**“नाम, ठेगाना परिवर्तन”**: “घ” वर्ग व्यवसाय गर्ने व्यवसायीले यस कार्यालयमा दर्ता भएको नाम तथा ठेगाना परिवर्तन गर्न चाहेमा पालिकालाई बुझाउनु पर्ने सम्पूर्ण कर बुझाएपश्चात निजले निवेदन साथ निम्न कागजात संलग्न गरी यस कार्यालयमा पेश गरेमा कार्यालयले नाम तथा ठेगाना परिवर्तन गर्न सक्नेछः

निम्न,

क) घरेलु तथा साना उद्योग वा कम्पनी रजिष्ट्रार कार्यालयबाट नाम तथा ठेगाना परिवर्तन भै आएको कागज,

ख) आन्तरिक राजस्व कार्यालयबाट नाम तथा ठेगाना परिवर्तन भै आएको स्थायी लेखा प्रमाण पत्र ।

ग) अन्य निकायबाट यस पालिकामा ठाउँसारी हुनका लागि आएकाको हकमा पनि सोहिअनुसार हुने ।

५. **<u>मूल कार्यविधिमा दफा १२ मा संशोधन:</u>** मूल कार्यविधिको दफा १२ मा रहेको व्यवस्थामा निम्नबमोजिम नयाँ व्यवस्था थप गरिएको छ:-

".. साथै तिनीहरुले सम्पादन गरेका काम कारवाहीहरू यसै बमोजिम भएको मानिनेछ ।"

**<u>आज्ञाले</u>**

विजय कुमार शर्मा

प्रमुख प्रशासकीय अधिकृत